विजय राज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरू :**

१. क) प्रस्ताव नं. १ उपर छलफल गर्दा प्रदेश सरकार मार्फत यस बर्षका लागि प्राप्त हुने बजेटबाट यस नगरपालिकाको वडा नं. ६ मा कुनै स्वास्थ्य सम्बन्धी संरचना समेत नभएकोले हाल वडा कार्यालय संचालनमा रहेको क्षेत्र नजिक शहरी स्वास्थ्य केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

ख) कार्यपालिकाले मिति २०७५।०७।१२ मा खोप केन्द्र वडा नं. ६ मा निर्माण गर्न निर्णय गरेकोमा उक्त वडामा शहरी स्वास्थ्य केन्द्र निर्माण गरिने भएकोले सो केन्द्र उक्त वडाको सट्टा वडा नं. ८ को कार्यालय क्षेत्र रहेको उपयुक्त स्थानमा निर्माण गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा पनौती नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेका पशुपंक्षी शाखा र कृषि शाखाले संचालन गर्ने विभिन्न अनुदान लगायत कार्यक्रमहरू सुचारू रूपले संचालन गरी सम्पन्न गर्नका लागि र अन्य संघ संस्थाले पनौती नगर भित्र पशुपंक्षी र कृषि विकासको क्षेत्रमा गर्ने कार्यहरूलाई समेत समन्वय गनुपर्ने भएकोले निम्न अनुसार नगरस्तरीय समितिहरू गठन गर्ने निर्णय गरियो ।

(क) पनौती नगरस्तरीय कृषि बिकास समिति

| | |
|---|---|
| १. नगर प्रमुख | संयोजक |
| २. कृषि समिति संयोजक | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. बरिष्ठ प्रशासकीय अधिकृत | सदस्य |
| ५. लेखा प्रमुख | सदस्य |
| ६. पशुपंक्षी शाखा प्रमुख | सदस्य |
| ७. इलाका बन कार्यालय प्रमुख | सदस्य |
| ८. महिला विकास शाखा प्रमुख | सदस्य |
| ९. नेपाल विद्युत प्रधिकरण प्रमुख | सदस्य |
| १०. गै.स.स. महासंघ काभ्रे प्रमुख | सदस्य |
| ११. पनौती उद्योग बाणिज्य संघ प्रमुख | सदस्य |
| १२. रेशम खेती विकास कार्यालय प्रमुख | सदस्य |
| १३. ब्यवसायीय कृषक | सदस्य |
| १४. ब्यवसायीक कृषक महिला | सदस्य |
| १५. कृषि शाखा प्रमुख | सदस्य सचिव |

(ख) पनौती नगरस्तरीय पशु नश्ल सुधार समिति

| | |
|---|---|
| १. नगर प्रमुख | संयोजक |
| २. कृषि समिति संयोजक | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

४. बरिष्ठ प्रशासकीय अधिकृत — सदस्य
५. वडा अध्यक्ष वडा नं. ८ — सदस्य
६. कृषि शाखा प्रमुख — सदस्य
७. जिल्ला दुग्ध सहकारी संघ प्रमुख — सदस्य
८. दुग्ध विकास संस्थान प्रतिनिधि — सदस्य
९. निजि डेरी एसोशियसन प्रतिनिधि — सदस्य
१०. उत्कृष्ठ कृत्रिम गर्भाधानकर्ता — सदस्य
११. उत्कृष्ठ कृत्रिम गर्भाधानकर्ता — सदस्य
१२. ब्यवसायिक पशुपालन फार्म — सदस्य
१३. पशुपंक्षी शाखा प्रमुख — सदस्य सचिव

विजय राज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय काभ्रेपलाञ्चोक ३ नं. प्रदेश नेपाल २०७३

निर्णय प्रतिलिपि उतार

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस नगरपालिकाको तेस्रो नगर सभाबाट सवारी साधन खरिद शिर्षकमा ब्यवस्था भएको बजेट मध्येबाट नगरपालिकाको दैनिक कार्य संचालनमा थप सहजता प्रदान गर्न वडा कार्यालयका लागि हाललाई बढीमा रू. २० लाखसम्मको ७ थान मोटर साईकल खरिद गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा पनौती नगरपालिका वडा नं. ७ अन्तर्गत वडा स्तरीय योजनाको रूपमा छनौट भएको कलात्मक गेट अगाडीदेखि रोशी खोला छेउको किनारा हरीयाली पार्क निर्माणका लागि रू. १५ लाख विनियोजन भएकोमा सो रकमबाट रू. ५ लाख रकम सोही वडाको बिनियोजित कपालकोट खानेपानी ब्यवस्थित तथा सम्बर्द्धन कार्य योजनामा बियोजन गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा अपाङ्गता भएका ब्यक्तिको लागि जारि गर्नुपर्ने परिचय पत्र वितरण गर्न नेपाल सरकारबाट प्राप्त हुन आएको तत् सम्बन्धी नमूना कार्यविधि ०७५ आवश्यक छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा सहकारी ऐन २०७४ को दफा ६८ मा यस नगरपालिका क्षेत्रभित्र दर्ता हुने सहकारी संस्थाको प्रचलित कानूनी ब्यवस्था बमोजिम दर्ता गर्न दर्ता गर्ने अधिकारी तोक्नुपर्ने ब्यवस्था रहेकोमा यस प्रयोजनका लागि बरिष्ठ प्रशासकीय अधिकृत इन्द्रप्रसाद अधिकारीलाई दर्ता गर्ने अधिकारी तोक्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा पेश्कि बेरूजु तथा योजना फरफारक समितिको मिति २०७५।०८।१८ गतेको निर्णयानुसार कार्य सम्पन्न भएका निम्न अनुसारका योजनाको फरफारकका लागि पेश हुन आएका योजनाहरूको फरफारक गरि बाँकी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| १ | पनौती खोपासी सडक मर्मत पनौती | ९ र १० | रू. ५,००,०००।- |
| २ | चामखर बाटो निर्माण | ४ | रू. ४,००,०००।- |